# नेपाल टेलिकमको 4G/LTEService सम्बन्धि जानकारी

दूरसञ्चार प्रविधिमाभएको विकास र प्रविधिगत परिवर्तनले दूरसञ्चार सेवाअत्यावश्यकीय सेवाको रुपमा परिणत भइसकेको बर्तमान परिप्रेक्ष्यमाआफ्नाग्राहकहरुलाई नवीनतमतथाविश्वस्तरीय प्रविधिमार्फत सेवाप्रदानगर्ने उद्देश्यअनुरुप नेपालमै पहिलो पटक 4G/LTEप्रविधिमाआधारित सेवा शुरु गर्नपाउँदाहामीगौरवान्वित छौ। एउटा प्रगतिशील संस्थाको रुपमाग्राहकवर्गको हिततथा सेवामा समर्पित रही देशभरी भरपर्दो दूरसञ्चार सेवाहरु उपलब्ध गराई देशको आर्थिक र सामाजिकविकासमाउल्लेखनीय योगदान पुऱ्याउने हाम्रो अभियानमा4G/LTE सेवाको विकास र विस्तार कोशेढुंगा हुने हामीले बिश्वास लिएका छौं। निरन्तर रुपमानयाँनयाँप्रविधिभित्र्याई सेवाको स्तरोन्नति, विकास एवं विविधिकरणको अभियानमा सदा झैं सक्रिय रहने प्रण गर्दछौ।

**१. 4G/LTEभनेको के हो?**

Long Term Evolutionप्रविधिमाआधारित चौथो पुस्ता(Fourth Generation, 4G) कोमोबाइल इन्टरनेट सेवा नै 4G/LTE सेवाहो।

**२. 4G/LTE सेवाप्रयोगकाफाइदाहरु के के हुन् ?**

4G/LTEप्रबिधिमार्फत उच्चगतिको इन्टरनेट प्राप्तहुने हुँदाउच्च गुणस्तरीय श्रब्य-दृष्य सामग्रीहरु लगायत बढी ब्याण्डविथ आवश्यकहुने इन्टरनेट सामाग्रीहरु सजिलै हेर्न तथा सुन्न सकिनेछ।

**३. नेपाल टेलिकमको 4G/LTE सेवाकुनकुन क्षेत्रहरुमाउपलब्ध छ ?**

हाललाई यो सेवा काठमाण्डौ उपत्यका र पोखराको अधिकांश क्षेत्रमाउपलब्ध छ।हामी सेवाविस्तारको निरन्तर प्रक्रियामा छौ र छिट्टै देशकाबिभिन्न स्थानहरुमा यो सेवाउपलब्ध गराउने छौ।

**४. नेपाल टेलिकमको 4G/LTE सेवाप्रयोग गर्न के के आवश्यक पर्दछ ?**

नेपाल टेलिकमको 4G/LTE सेवाप्रयोग गर्न तपाईंको मोबाइलफोन र सिम कार्ड 4G/LTEचल्ने (Supportगर्ने ) हुनु पर्दछ र तपाईं 4G/LTE सेवाउलपब्धभएको क्षेत्रमाहुनु जरुरी छ।

**५. मेरो मोबाइलफोन 4G/LTE सेवाचल्ने हो कि होइन, कसरी थाहापाउन सकिन्छ ?**

तपाईंको मोबाइलफोनको नेटवर्क सेटिङमा गई फोनले कुनकुनप्रविधिमाकाम गर्छ हेर्न सकिन्छ। उपलब्धबिकल्पहरु मध्ये 4G/LTE रहे - नरहेको यकिनगर्नुहोस्।साथै नेपाल टेलिकमको नेटवर्कमा4G/LTE सेवा सुचारु गर्नको लागितपाईंको मोबाइलफोनले १८०० मेगाहर्ज ब्याण्डमा काम गर्छ भन्ने सुनिश्चितगर्न फोनको Specification हेर्नुहोस्।

**६. मैले हालप्रयोग गरिरहेको नेपाल टेलिकमको सिमबाट 4G/LTE सेवाप्रयोग गर्न सक्छु कि सक्दिन कसरी थाहापाउने ?**

तपाईंले आफ्नो मोबाइलफोनबाट *444# डायल गरी प्राप्तनिर्देशनअनुरुपसिम परिक्षण गर्न तथा4G/LTE सेवा सुचारु समेत गर्न सक्नुहुन्छ।

**७. नेपाल टेलिकमको 4G/LTEचल्ने सिम कसरी प्राप्तगर्न सकिन्छ ?**

काठमाण्डौउपत्यकामा दूरसञ्चार कार्यालयहरु चाबहिल, हात्तिगौडा, गोंगबु, सुन्धारा, छाउनी, बबरमहल, जावलाखेल, साझाभवन, ठिमी र भक्तपुर तथापोखरामा दूरसञ्चार कार्यालय महेन्द्रपुलबाट नियमितप्रक्रियामार्फत 4G/LTEचल्ने सिम(U-SIM)प्राप्तगर्न सक्नुहुनेछ।

**८. नेपाल टेलिकमको 4G/LTE सेवा सुचारु गर्न कतिशुल्क लाग्दछ?**

तपाईंले 4G/LTE सेवानिःशुल्क सुचारु गर्न सक्नुहुन्छ।

**९. नेपाल टेलिकमको 4G/LTE सेवाप्रयोग गर्नको लागिकुनAPNप्रयोग गर्नु पर्दछ?**

3G सेवाको लागिप्रयोगमाआएको ntnetवाntwapमध्ये कुनै एक APN तपाईंको मोबाइलफोनमाप्रयोग गर्न सकिन्छ।

**१०. नेपाल टेलिकमको 4G/LTE को महसुल दर 3G/2G सेवाको भन्दाकत्तिको महंगो छ?**

4G/LTE सेवालाई 3G/2G सेवाको दरमानै उपलब्ध गराएका छौं। नेपाल टेलिकमले आफ्नाग्राहकहरुलाई आकर्षक प्याकेजहरु नियमितउपलब्ध गराउँदै आएको छ। नयाँप्याकेजहरुको बारेमाजानकारीको लागिहाम्रो वेबसाइट हेर्नुहोस्।

**११. Nepal Telecomलेहाल प्रदान गरेको 4G/LTE Data Packagesहरु के के छन?**

हाललाईPromotional offer को रुपमा GSM Postpaid ग्राहकको लागि ४ दिनको लागि, , 4GB Data दैनिक बढीमा1GB खपत गर्न सक्ने गरि निशुल्क प्रदान गरिएको छ | सो भन्दा बाहेकको Data चलाएमा नेपाल टेलिकमको प्रचलित दर अनुरुप को Data Tariff (Rs 1/MB) लाग्ने छ | हालGSM Postpaid ग्राहकले प्रयोग गरि रहनु भएको तल उल्लेखित Data Packages हरुपनि4G/LTE को गति मा चलाउन सक्नु हुने छ |

a) 10MB @Rs 8 valid for 2 days
b) 50MB @Rs 35 valid for 10 days
c) 200MB @Rs 130 valid for 1 month
d) 500MB @Rs 300 valid for 1 month
e) 1G @Rs 500 valid for 1 month
f) 3G @Rs 1290 valid for 2 months
g) 5G @Rs 1800 valid for 3 months

**१२.	मैले हाल प्रयोग गरिरहेको नेपाल टेलिकमको सिमबाट अहिले प्रदान गरेको 4G/LTEPromotional Offerप्रयोग गर्न सक्छु कि सक्दिन कसरी थाहा पाउने?**

तपाईंले आफ्नो मोवाईल फोनवाट *444#डायल गरी सिम परिक्षण गर्न तथा 4G/LTE सेवा सुचारु समेत गर्न सक्नुहुन्छ। तपाइको सिम 4G/LTE compatible छ र तपाई संग 4G/LTEचल्ने सेट छ भने,Promo Packसुचारु हुने छ र तल उल्लेखित म्यासेज प्राप्त गर्नु हुने छ :

**"4G_promo_pack has been activated. The offer is valid till YYMMDD HH:MM:SS"**

तपाईसंग 4G/LTE compatibleसिम नभएको अवस्थामा तल उल्लेखित म्यासेज प्राप्त गर्नु हुने छः

**"Your SIM card needs to be UPGRADE to USIM. Please replace your SIM card from Nepal Telecom mobile counters. Thank You-Nepal Telecom"**

**१३.	4G/LTE सेवा सुचारु गरे पश्चात मैले हालखरिद गरेको डाटा प्याकेज के हुन्छ?**

तपाईंले खरिद गर्नु भएको डाटा प्याकेज सेवाअवधिभर निर्वाध रुपमाउपयोग गर्न पाउनु हुनेछ।पुनश्च : तपाईंले 4G/LTE सेवा सुचारु गर्नुभएको छ र नेटवर्क कभरेज क्षेत्रमा हुनुहुन्छ भने 4G/LTE को स्पिडमा नै पुरानै प्याकेज उपयोग गर्न पाउनु हुनेछ ।

**१४.	नेपाल टेलिकमको 4G/LTE सेवासम्बन्धमा जिज्ञासा तथागुनासाहरु भएकहाँ सम्पर्क गर्ने होला?**

नेपाल टेलिकमको 4G/LTE सेवा सम्बन्धमाकुनै जिज्ञासा तथागुनासाहरु भएहाम्रो ग्राहक सेवा केन्द्रको नम्बर १४९८ मा सम्पर्क गर्न सक्नुहुनेछ।थपजानकारीको लागि नेपाल टेलिकमको वेबसाइट (www.ntc.net.np) भिजिट गर्नुहोस् ।